# नेपाल राजपत्र

**नेपाल सरकारद्वारा प्रकाशित**

**खण्ड ५९) काठमाडौं, चैत ४ गते, २०६६ साल (अतिरिक्ताङ्क ५०**

## भाग ५

**नेपाल सरकार**
**गृह मन्त्रालयको**
**सूचना १**

नेपाल सरकारले संवत् २०६७ साल वैशाख १ गतेदेखि चैत्र मसान्तसम्म एक वर्ष भरिमा सवै सरकारी कार्यालय तथा शिक्षण संस्थाका लागि देहाय बमोजिमको सार्वजनिक एवं पर्व विदा दिने निर्णय गरेको छ :-

**१. शनिवार विदा :**

| | |
|---|---|
| (क) वैशाख - ४,११,१८,२५ गते (४ दिन) | (ख) जेठ - १,८,१५,२२,२९गते (५ दिन) |
| (ग) असार - ५,१२,१९,२६ गते (४ दिन) | (घ) साउन - १,८,१५,२२,२९ गते (५ दिन) |
| (ङ) भदौ - ५,१२,१९,२६ गते (४ दिन) | (च) असोज - २,९,१६,२३,३० गते (५ दिन) |
| (छ) कात्तिक - ६,१३,२०,२७ गते (४ दिन) | (ज) मङ्सिर - ४,११,१८,२५ गते (४ दिन) |
| (झ) पुष - ३,१०,१७,२४ गते (४ दिन) | (ञ) माघ - १,८,१५,२२,२९ गते (५ दिन) |
| (ट) फागुन - ७,१४,२१,२८ गते (४ दिन) | (ठ) चैत - ५ ,१२,१९,२६ गते (४ दिन) |

जम्मा : ५२ दिन



**२. पर्व बिदाहरू :**

(क) नववर्ष, वैशाख १ गते बुधबार ।

(ख) गौरा पर्व (गौरा पूजा) पर्ने दिन ।

(ग) किराँत राई लिम्वू जातिको उभौली पर्व-चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), जेठ १३ गते विहिबार ।

(घ)रक्षावन्धन (ऋषि तर्पणी), पूर्णिमा भाद्र ८ गते मंगलबार ।

(ङ) इस्लाम धर्मावलम्वीहरूको पर्व ईद (इदुल्ल फित्र) का दिन ।

(च) छठ पर्व कार्तिक २६ गते शुक्रबार ।

(छ) इस्लाम धर्मावलम्वीहरूको पर्व बकर ईद (इदुल जोहा) का दिन ।

(ज) किराँत पर्व उधौली पूजा पौष ६ गते मंगलवार ।

(झ) योमरी पुन्ही - ज्यापु दिवस (मङ्सिर-पूर्णिमा, धान्य पूर्णिमा) पौष ६ गते मंगलवार ।

(ञ) इसाई धर्मावलम्वीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते शनिबार ।

(ट) तमूल्होछार पौष १५ गते विहिबार ।

(ठ) माघी पर्व माघ १ गते शनिबार ।

(ड) सोनम ल्होसार (माघ शुक्ल प्रतिपदा) माघ २१ गते शुक्रवार ।

(ढ) महाशिवरात्री, फागुन १८ गते बुधबार ।

(ण) ग्याल्वो लोसार, फागुन २१ गते शनिवार ।

(त) फागुपूर्णिमा तराई मधेशका देहायका २० जिल्लाहरू बाहेक बाँकी जिल्लाहरूमा चैत्र ५ गते शनिबार र देहायका जिल्लाहरूमा चैत्र ६ गते आइतबार ।

**जिल्लाहरुको नाम**

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ्ग | ३.सुनसरी | ४.सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८.महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११.बारा | १२.पर्सा |

१३. नवलपरासी १४. रुपन्देही १५. कपिलवस्तु १६. दाङ
१७. बाँके १८. बर्दिया १९.कैलाली २०.कञ्चनपुर

(थ) सिरूवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

(द) नेपाली सिख धर्मावलम्वी सरकारी कर्मचारीहरूलाई गुरू नानक जयन्तीका दिन ।

(ध) धवथाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरूमा स्थानीय विदा ।

**३. महिला कर्मचारीहरूको लागि मात्र :**

(क) हरितालिका (तीज), भाद्र २६ गते शनिबार ।

(ख) ऋषि पञ्चमी, भाद्र २७ गते आइतबार ।

**४. शिक्षण संस्थाहरूको लागि मात्र :**

वशन्त पञ्चमी, माघ २५ गते मंगलबार ।

**५. जात्रा विदा (काठमाडौं उपत्यकालाई मात्र) :**

(क) गाईजात्रा, भाद्र ९ गते बुधबार ।

(ख) इन्द्रजात्रा, असोज ६ गते बुधबार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।

(घ) घोडेजात्रा, चैत्र २० गते आइतबार ।

**६. दशैं बिदा :**

(क) घटस्थापना, आश्विन २२ गते शुक्रबार ।

(ख) आश्विन २८ गते विहिबारदेखि कार्तिक २ गते मंगलबारसम्म ( फूलपातीदेखि द्वादशीसम्म) ।

**७. तिहार बिदा :**

(क) लक्ष्मीपूजा, कार्तिक १९ गते शुक्रबार ।





(ख) म्ह पूजा, कार्तिक २० गते शनिबार ।

(ग) नेपाल सम्वत् कार्तिक २० गते शनिबार ।

(घ) गोवर्द्धन पूजा, भाइटीका, कार्तिक २१ गते आइतबार ।

**८. दिवस बिदा :**

(क) लोकतन्त्र दिवस, वैशाख ११ गते शनिबार ।

(ख) विश्व मजदुर दिवस, (मे १) वैशाख १८ गते शनिबार ।

(ग) गणतन्त्र दिवस, जेष्ठ १५ गते शनिबार ।

(घ) निजामती सेवा दिवस, भाद्र २२ गते मंगलबार ( निजामती कर्मचारी, अदालत तथा संवैधानिक निकायका कर्मचारीहरूलाई मात्र )

(ङ) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्वर ३) मंसिर १७ गते शुक्रबार (नेपालभित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीहरूको लागि)

(च) शहीद दिवस, माघ १६ गते आइतबार ।

(छ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते शनिबार ।

(ज) अन्तर्राष्ट्रिय महिला दिवस, (मार्च ८) फागुन २४ गते मंगलबार ।

**९. जन्म जयन्ती बिदा :**

(क) वुद्ध जयन्ती, जेठ १३ गते विहिबार ।

(ख) श्रीकृष्ण जन्माष्टमी, भाद्र १६ गते बुधबार ।

(ग) रामनवमी, चैत्र २९ गते मंगलबार ।

**१०.** विदेश स्थित नेपाली नियोगहरूले सम्बन्धित मुलुकका सार्वजनिक विदाहरूलाई समेत दृष्टिगत गरी बढिमा १८ दिनसम्म सार्वजनिक विदा आफैंले व्यवस्थापन र समायोजन गर्न सक्ने ।

**११. सट्टा विदा :**

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार, मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूले सार्वजनिक विदाका दिनमा समेत काम काज गर्नु पर्ने हुँदा त्यस्ता कार्यालयहरूमा दैनिक काम नरोकिने गरी सार्वजनिक विदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुऱ्याई सट्टा विदा वस्न पाइने ।

**१२. कार्यालय हाजिर हुने र छुट्ने समय :**

(क) नेपाल राज्यभरका सवै सरकारी कार्यालयहरूमा शुक्रवार बाहेक माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने ।

(ख) शुक्रबारको दिन विहान १०:०० बजे हाजिर भैई अपरान्ह ३:०० बजे छुट्ने ।

***द्रष्टव्य :***

*(क) "आधा दिन" भन्नाले कार्तिक १६ गतेदेखि माघ १५ गतेसम्मका लागि १:०० वजे र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म दिनको १.३० वजेसम्म सम्झनु पर्छ ।*

*(ख) सेवाग्राहीलाई प्रदान गरिने सेवा प्रवाहमा असर नपर्ने गरी कार्यालय समयको १ बजेदेखि २ वजेसम्म खाजा खाने समय कायम गर्ने ।*



खण्ड ५९ अतिरिक्ताङ्क ५० नेपाल राजपत्र भाग ५ मिति २०६६।१२।४